# मधुवन नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड :६** **संख्या : २** **प्रमाणिकरण मिति :२०७९/०४/०३**

**प्रकाशन मिति : २०७९/०४/०८**


## भाग - २

## शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०७९

शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०७९

### प्रस्तावना

नगरपालिका भित्र रहेका विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षक विद्यार्थी सङ्ख्या अनुपात तथा कक्षागत रूपमा शिक्षकको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम वनेको मधुवन नगरपालिकाको प्रशासकीय ऐन कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ (ज) ११ ले दिएको अधिकार बमोजिम मधुवन नगरपालिकाले शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०७९ बनाइ लागू गरेको छ ।

<u>परिच्छेद १</u>

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम "शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०७९" हुनेछ ।

**२. यो कार्यविधि मधुवन नगर कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।**

**३. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क. "नगरपालिका" भन्नाले मधुवन नगरपालिका सम्झनु पर्दछ ।

ख. "कार्यपालिका" भन्नाले मधुवन नगरकार्यपालिका सम्झनु पर्छ ।

ग. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मधुवन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

घ. "शिक्षा समिति" भन्नाले मधुवन नगर शिक्षा समिति सम्झनु पर्दछ ।

ङ. "आधारभूत शिक्षा" भन्नाले बालविकास देखि कक्षा आठ सम्म दिइने शिक्षालाई सम्झनुपर्छ।

च. "माध्यामिक शिक्षा" भन्नाले कक्षा नौ देखि बाह्र कक्षा सम्मलाई सम्झनु पर्छ ।

छ. "शाखा प्रमुख" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा सो काम गर्न तोकिएको शाखा अधिकृत सम्झनुपर्छ ।

ज. "दरबन्दी" भन्नाले नेपाल सरकारद्वारा स्वीकृत अनुदान प्राप्त स्थायी/अस्थायी करार कोटा सम्झनु पर्दछ।

झ. "राहत" भन्नाले नेपाल सरकारबाट स्वीकृत अनुदान प्राप्त अनुदानकोटा सम्झनु पर्दछ ।

ञ. "नगर शिक्षक/नगर स्वयम् सेवक शिक्षक" मधुवन नगरपालिकाबाट तलब भत्ता खाने गरी नियुक्त शिक्षक सम्झनु पर्दछ ।

ट. "सामुदायिक विद्यालय" भन्नाले सरकारद्धारा नियमित अनुदान प्राप्त गर्ने मधुवन नगरपालिका भित्रका विद्यालय सम्झनु पर्दछ ।

ठ. "शिक्षक" भन्नाले विद्यालयमा अध्यापन गर्ने अध्यापकलाई सम्झनुपर्छ सो शब्दले प्रधानाध्यापकसमेतलाई जनाउदछ ।

ड. "बालविकास सहयोगी कार्यकर्ता" भन्नाले मधुवन नगरपालिकाभित्र बालविकास सहयोगी कार्यकर्तामा नियुक्त शिक्षक सम्झनुपर्छ ।

शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०७९

<u>परिच्छेद -२</u>

<u>दरबन्दी मिलानका आधारहरू</u>

**४. शिक्षक दरबन्दी मिलान सम्वन्धी व्यवस्था :**

१. अघिल्लो शैक्षिक सत्रको विद्यार्थी सङ्ख्याका आधारमा सत्यापन गर्दा आएको विवरण बमोजिम कक्षागत विद्यार्थी सङ्ख्यालाई प्रयोग गरिनेछ ।

२. विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी करार, राहत अनुदान, बालविकास सहयोगी कार्यकर्ता र नगर/वडा शिक्षक तथा स्वयमसेवक शिक्षकहरूको सङ्ख्यात्मक विवरण तयार पारिनेछ ।

३. काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलब भत्ता पाउँछन् सोही विद्यालयको शिक्षकमा गणना गरिनेछ ।

४. न्यूनतम विद्यार्थी सङ्ख्या कायम गर्दा कक्षा १-३ सञ्चालित विद्यालयमा कम्तिमा ५० जना विद्यार्थी सङ्ख्या, कक्षा १-५ सञ्चालित विद्यालयमा कम्तिमा ७५ जना विद्यार्थी सङ्ख्या १-८ सञ्चालित विद्यालयमा कम्तिमा १५० जना विद्यार्थी सङ्ख्या हुनुपर्ने । माथि उल्लेखित भन्दा कम विद्यार्थी सङ्ख्या भएमा त्यस्ता विद्यालयका शिक्षक दरवन्दी अन्यत्र विद्यालयमा मिलान गरिनेछ। हरेक विद्यालयमा कम्तिमा दुईवटा बालबिकास केन्द्र कायम गरिनेछ ।

५.एउटै कक्षामा विद्यार्थी सङ्ख्या बढी भइ वर्ग सेक्सन खोल्नु पर्ने अवस्थामा प्रतिकक्षा ५० जना मापदण्ड बमोजिमको विद्यार्थी सङ्ख्याको साठी प्रतिशतभन्दा बढी अर्थात ८० जनाभन्दा बढी विद्यार्थी भएमा वर्ग/सेक्सनको व्वस्था गरी प्रति सेक्सन १ जना शिक्षक दरबन्दी थप गरी गणना गर्न सकिने तर भौगोलिक विकटताका कारण समायोजन गर्न नसकिने अवस्थाका विद्यालयहरूमा कक्षाअनुसार शिक्षक दरबन्दी कायम गरिने छ ।

**५. विद्यालयगत एवम् तहगत शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक व्यवस्थापन मिलान गर्ने आधारहरू :**

१. कक्षा १-३ सञ्चालन भएका आधारभूत विद्यालयको सम्बन्धमा:- कक्षा १-३ सञ्चालित विद्यालयमा न्यूनतम ३ जना शिक्षक व्यवस्थापन गरिने छ ।

२. कक्षा १-५ सञ्चालन भएका आधारभूत विद्यालयको सम्बन्धमा:- कक्षा १-५ सञ्चालित

न्यूनतम ५ जना  शिक्षक व्यवस्थापन गरिनेछ ।

३. कक्षा ६-८ सञ्चालन भएका आधारभूत विद्यालयको सम्बन्धमाः- कक्षा ६-८ सञ्चालन भएका विद्यालयमा न्यूनतम ४ जना शिक्षक व्यवस्थापन गर्ने । शिक्षक नियुक्ति गर्दा प्राथमिकीकरणका आधारमा अङ्ग्रेजी १, गणित/विज्ञान १, नेपाली १, सामाजिक १ गरी ४ ओटासम्म आधारभूत तह कक्षा ६-८ को शिक्षक दरबन्दी कायम गर्दै जाने ।

४. कक्षा ९-१० सञ्चाललन भएका माध्यमिक विद्यालयको सम्बन्धमाः- कक्षा ९-१० सञ्चालन भएका माध्यमिक विद्यालयमा कम्तिमा ५ जना शिक्षकको व्यवस्थापन गर्ने । शिक्षक व्यवस्थापन गर्दा प्राथमिकता क्रमअनुसार अङग्रेजी १, विज्ञान १, गणित १, नेपाली १, सामाजिक १ गरी जम्मा ५ वटासम्म माध्यमिक तहको शिक्षकको व्यवस्थापन गर्दै जाने ।

## परिच्छेद ३

## <u>दरवन्दी मिलान प्रक्रियामा शिक्षक व्यवस्थापन तथा पदस्थापनका आधारहरू :</u>

**६. दरबन्दी मिलान पछि गर्ने शिक्षक व्यवस्थापन :**

१. दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षकलाई नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले शिक्षक दरबन्दी अपुग भएका विद्यालयमा  पदस्थापन गरिनेछ।

२. शिक्षक दरबन्दी कटौती गर्दा सर्वप्रथम नियुक्ति मितिको कनिष्ठताका आधारमा (क्रमशः नगर शिक्षक/स्वयमसेवक शिक्षक, राहत, अस्थायी/करार र स्थायी) नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले दरबन्दी कायम गरी मिलान गर्ने ।

३. अपाङ्गता भएका बालबालिकाहरुका लागि श्रोतकक्षा सञ्चालित विद्यालय श्रोतकक्षाको सम्बन्धमा विषेश शिक्षा सञ्चालन निर्देशिका २०६२ बमोजिम हुनेछ।

४. दरबन्दी मिलान गरी कमी वा बढी हुने शिक्षकको विद्यालयगत र विषयगत दरबन्दी  विवरण यकिन तथा तयारीका साथै नगरपालिका स्तरीय समष्टिगत विवरण तयार गर्ने र सालिन्दा अद्यावधिक गर्दै जाने।

५. प्रत्येक विद्यालयमा दुईवटा बालबिकास केन्द्रका व्यवस्था मिलाउने ।

६. कक्षा  वा  तह समायोजन भएका विद्यालयहरूमा आगामी शैक्षिक सत्रमा विद्यार्थी सङ्ख्या

बढ्दै गएमा पुनः कक्षा थप गर्न सकिनेछ ।

७. दरवन्दी मिलान तथा पदस्थापना गर्दा प्रत्येक विद्यालयमा सम्वन्धित तहको स्थायी शिक्षकको व्यवस्थापन गरी वरिष्ठतम् स्थायी शिक्षकलाई प्रधानाध्यापकको जिम्मेवारी दिइनेछ।

**७. दरवन्दी मिलानमा सरुवा तथा पदस्थापना सम्वन्धी व्यवस्थाः**

१. पारस्पारिक सरुवाका लागि विद्यालय व्यवस्थापन समितिको सहमतिमा सरुवा गर्न सकिने छ ।

२. एउटै विद्यालयमा पाँच वर्ष वा सोभन्दा बढी सेवा पूरा गरेका सबै शिक्षकलाई क्रमशःदरबन्दी मिलान तथा पदस्थापन गरिनेछ तर अवकाश हुन एक वर्ष बाँकी शिक्षकको हकमा यो नियम लागू हुने छैन।

३ .दरबन्दी मिलानका लागि विद्यालय छनोटका लागी कम्तिमा सात दिने सूचना गरिनेछ र एक वर्ष अवकाश हुन बाँकि शिक्षक बाहेक सबै शिक्षकले अनुसूची १ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ। निवेदन पेश नगर्ने शिक्षकलाई नगरशिक्षा समितिको सिफारिसमा नगरपालिकाले आवश्यक स्थानमा खटाउनेछ ।

४. विद्यालयको कार्यसम्पादन गर्न नसकेका र विद्यालय व्यवस्थापन समितिबाट पटक-पटक गुनासो आएमा शिक्षक तथा प्रधानाध्यापकहरूको छानविन गरी दरबन्दी मिलान तथा पदस्थापना गरिनेछ।

५. यस कार्यविधिबमोजिम भएको दरबन्दी मिलान अर्को व्यवस्था नभएसम्मको लागि लागू हुनेछ ।

६. शिक्षकको दरबन्दी मिलान तथा पदस्थापनाको निवेदनको ढाँचा यसै कार्यविधिको अनुसूची १ बमोजिम हुनेछ ।

**परिच्छेद ४**

**<u>दरबन्दी मिलान कार्यदलको व्यवस्था :</u>**

**८. दरबन्दी मिलान कार्यदलको गठनः**

८.१. हरेक वर्ष दरबन्दी मिलान कार्यमा रायसल्लाह गर्नका लागि दरबन्दी मिलान कार्यदलको गठन गरिनेछ । कार्यदलमा देहायबमोजिम सदस्य रहनेछन् :

क. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य

ख. नेपाल शिक्षक महासङ्घका नगर अध्यक्ष - सदस्य

ग. शिक्षक संघ-संगठनका नगर अध्यक्षहरू -सदस्य

८.२ दरबन्दी कार्यदलको काम कर्तव्य र अधिकार

१. शिक्षक दरबन्दी मिलानका लागि विद्यालयगत मौजुदा शिक्षक सङ्ख्या, दरबन्दी मिलानपछि कायम हुने शिक्षक सङ्ख्या र थप दरबन्दीका लागि पुग्नुपर्ने न्यूनतम विद्यार्थी सङ्ख्या यकिन गर्ने ।

२. शिक्षकहरूबाट भरिएर आएका विद्यालय छनौट फारामहरू विश्लेषण गर्ने ।

३. विद्यालयहरूमा तहगत तथा विषयगत रूपमा शिक्षक दरबन्दी मिलानका लागि खटाइने विद्यालय र शिक्षकको नामावली विवरण तयार गरी नगरशिक्षा समितिमा पेश गर्ने ।

४. नगरपालिकाले दिइएका निर्देशन बमोजिमका अन्य कार्यहरू गर्ने ।

८.३ समितिको सचिवालय नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ ।

८.४ समितिको सचिवालयका लागि आवश्यक पर्ने बजेट रकम तथा समितिका पदाधिकारीहरूको बैठक भत्ता लगायतका सुविधाका लागि आवश्यक पर्ने बजेट रकम नगर कार्यपालिकाले व्यवस्था गर्नेछ ।

**९. बाधा अड्काउ फुकुवा हुनेः**

यो कार्यविधि कार्यन्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा फुकुवाका लागी नगरकार्यपालिकाको बैठकले आवश्यक निर्णय गर्नेछ।

आज्ञाले

नोखीराम ओली

प्रमुख प्रशासकिय अधिकृत

## अनुसूची १
### नियम ७ (३) सँग सम्बन्धित शिक्षकको दरबन्दी मिलानका लागि निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रसाशकिय अधिकृत ज्यू
नगर कार्यपालिकाको कार्यालय मधुवन, बर्दिया

नगर कार्यपालिकाको मिति २०७९/०४/०३ गतेको निर्णयनुसार यस नगरपालिका भित्रका शिक्षकको दरवन्दी मिलान व्यवस्थापन गर्दा मलाई देहाय बमोजिमको विद्यालयमा रही कामकाज गर्ने इच्छा रहेको हुँदा प्रचलित ऐन/नियम/कार्यविधि तथा उपलब्ध सम्भावना समेतका आधारमा प्राथमिकता क्रममा रहेको विद्यालयमा कामकाज गर्ने गरी खटाइदिनहुन अनुरोध सहित यो निवेदन पेश गर्दछु ।

नाम थरः

हस्ताक्षर :

**<u>स्थायी ठेगानाः</u>**
वडा नं. :
पालिका :
जिल्ला :
सिटरोल नं. :
तह श्रेणीः
मोबाइल नम्बरः
हाल कार्यरत विद्यालयको नाम ठेगानाः
हाल कार्यरत विद्यालयमा सरुवा/पदस्थापना मितिः

**<u>अस्थायी ठेगानाः</u>**
वडा नं. :
पालिकाः
जिल्ला :
सुरु नियुक्ति मितिः
हालको पदमा नियुक्ति मितिः

**दरबन्दी मिलानमा जान चाहेको विद्यालयको नाम प्राथमिकताको आधारमा**

| क्र.सं. | विद्यालयको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |

शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०७९